(संवत् २०७९ साल मङ्सिर मसान्तसम्म भएका संशोधन मिलाइएको)

# राष्ट्रिय समाचार समिति ऐन, २०१९

| लालमोहर मिति | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|
| २०१९।८।१४ | २०१९।८।१९ |

| संशोधन गर्ने ऐन | | लालमोहर र प्रकाशन मिति |
|---|---|---|
| १. | नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ | २०१९।१२।३० |
| २. | राष्ट्रिय सम्वाद समिति (पहिलो संशोधन) ऐन, २०२८ | २०२८।१२।२० |
| ३. | सञ्चार सम्बन्धी केही नेपाल कानून संशोधन ऐन, २०२९ | २०२९।६।५ |
| ४. | न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ | २०४३।७।२४ |
| ५. | राष्ट्रिय समाचार समिति (दोस्रो संशोधन) ऐन, २०४५ | २०४५।७।१० |
| ६. | सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४७ | २०४७।७।१४ |
| ७. | राष्ट्रिय समाचार समिति (तेस्रो संशोधन) ऐन, २०४८ | २०४८।१२।३० |
| ८. | सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५ | २०५५।३।१० |
| | | प्रमाणीकरण र प्रकाशन मिति |
| ९. | केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ | २०६३।४।२३ |
| १०. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६♦ | २०६६।१०।७ |
| ११. | नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |

२०१९ सालको ऐन नं. २९

[2]................

राष्ट्रिय समाचार समिति गठन गर्न बनेको ऐन

प्रस्तावना: [५]सर्वसाधारण जनताको सुविधा कायम राख्न नेपाल [2].......... भित्रका र विदेशका समेत निष्पक्ष एवं अधिकारिक समाचार तथा सूचना देशवासी तथा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

♦ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

विदेशीले पनि जानकारी पाउन र ☑नेपालमा एकताको भावनाको वृद्धिको साथै ठोस जनमतको सृजनामा मद्दत हवस् भन्ने हेतुले देश तथा विदेशमा पूर्ण तथा वास्तविक समाचार एवं सूचनाको खोजी गरी प्राप्त भएका समाचार र सूचना प्रयोगकर्ताहरुमा वितरण गर्नको साथै समाचारहरुको समुचित आदान प्रदान समेत गर्न एक राष्ट्रव्यापी राष्ट्रिय समाचार समितिको गठन र त्यसको स्वस्थ एवं मजवूत जग बसाल्न व्यवस्था गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट ♦नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाईबक्सेको छ ।

परिच्छेद – १

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यो ऐनको नाम "राष्ट्रिय समाचार समिति ऐन, २०१९" रहेको छ ।

(२) यो ऐन नेपाल 2.......... भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "समिति" भन्नाले राष्ट्रिय समाचार समिति सम्झनु पर्दछ ।

(ख) "बोर्ड" भन्नाले समितिको सञ्चालन गर्न गठन भएको सञ्चालकहरुको बोर्ड सम्झनु पर्दछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

✎ नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ द्वारा थप ।

☑ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

♦ नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ द्वारा संशोधित ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(ग) "समाचार" भन्नाले समयानुकूलता, महत्व र सम्भावित प्रभावको विचार गरी उल्लेखनीय ठहरिएको कुनै घटना वा अवस्था विषयक नयाँ प्रतिवेदन वा विवरण सम्झनु पर्दछ ।

(घ) "सञ्चालक" भन्नाले बोर्डको सदस्यलाई सम्झनु पर्दछ ।

(ङ) "महाप्रबन्धक" भन्नाले दफा १४ बमोजिम नियुक्त भएको समितिको महाप्रबन्धक सम्झनु पर्दछ ।

(च) "समाचारदाता" भन्नाले समितिलाई समाचार दिने समाचारदाता सम्झनु पर्दछ ।

(छ) "शेयर होल्डर" भन्नाले यो ऐन अनुसार वितरण गरिएको शेयर लिने शेयर होल्डर सम्झनु पर्दछ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेका ◻नियम वा विनियमहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

परिच्छेद – २

स्थापना, पूँजी र व्यवस्था

३. समितिको स्थापनाः (१) "राष्ट्रिय समाचार समिति" नामले एउटा समिति स्थापना हुनेछ ।

(२) समिति अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ । यसले यस ऐन र प्रचलित नेपाल कानूनको अधीनमा रही चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न र नामसारी गर्न सक्नेछ । यसले आफ्नो नामबाट नालेस उजूर गर्न र यस उपर पनि सोही नामबाट नालेस उजूर लाग्न सक्नेछ ।

◻ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५ द्वारा संशोधित ।



कानून तथा संसदीय मामिला मन्त्रालय

(३) समितिको प्रधान कार्यालय काठमाडौंमा रहनेछ र नेपाल [2]........ भित्र वा विदेशमा समेत प्रतिनिधि, समाचारदाता र सम्पादक नियुक्त गर्नु समितिको लागि कानूनी हुनेछ ।

*४. पूँजी, शेयर र शेयर होल्डरहरुः (१) समितिको अधिकृत पूँजी नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) समितिको कुल पूँजीमा कम्तीमा ५१ प्रतिशत शेयर नेपाल सरकारले लिनेछ र □बढीमा पच्चीस प्रतिशत शेयर समितिका कर्मचारीलाई तोकिए बमोजिम बिक्री गरिनेछ । बाँकी रहेको शेयर सर्वसाधारणलाई बिक्री गरिनेछ । कर्मचारीले खरिद गरेको शेयर निजले समितिको सेवामा रहुञ्जेल सुक्री बिक्री गर्न पाउने छैन ।

(३) प्रत्येक शेयर अविभाज्य हुनेछ ।

(४) साधारणतः समितिका कर्मचारी बाहेक कुनै व्यक्ति वा कम्पनीलाई तोकिएको ⮝प्रतिशत भन्दा बढी शेयर दिनमा प्रतिबन्ध लगाउन सकिनेछ ।

(५) समितिको शेयर होल्डरको दायित्व सीमित हुनेछ ।

५. शेयर होल्डर हुन अयोग्यताः नेपालको नागरिक वा नेपाल कानून अन्तर्गत रजिष्टर भएको कम्पनी बाहेक अरु कसैले पनि समितिको शेयर किन्न वा शेयर होल्डरमा आफ्नो नाम दर्ता गर्न वा नामसारी गर्न गराउन पाउने छैन ।

६. अनुदान र ऋण लिने अधिकारः साधारण सभाको व्यवस्था भएपछि सो सभाले पास गरे बमोजिम वा साधारण सभाको व्यवस्था नभएसम्म

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

* पहिलो संशोधनद्वारा संशोधित ।

□ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५ द्वारा संशोधित ।

⮝ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०२९ द्वारा २०२८।१२।२० बाटै लागू हुने गरी संशोधित ।

समितिले नेपाल सरकारको स्वीकृति लिई आफ्नो चालू पूँजी (वर्किङ क्यापिटल) बढाउनको लागि आवश्यक नगद वा जिन्सी ऋण लिन वा अनुदान स्वीकार गर्न सक्दछ ।

तर नेपाल सरकारको स्वीकृति नलिई समितिले कुनै विदेशी एजेन्सीबाट ऋण लिन वा अनुदान स्वीकार गर्न हुँदैन ।

७. व्यवस्थाः समितिको सबै काम कारबाहीको रेखदेख, निर्देशन र व्यवस्था बोर्डले गर्नेछ । साधारण सभाको व्यवस्था भएपछि सो सभाले पास गरे बमोजिम वा साधारण सभाको व्यवस्था नभएसम्म नेपाल सरकारबाट निर्णय भए बमोजिम गर्नु पर्ने गरी यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा स्पष्ट लेखिए बाहेकका अरु काम कुराका सम्बन्धमा समितिलाई भएका सबै अधिकारहरुको प्रयोग र कर्तव्यहरुको पालना बोर्डले गर्नेछ ।

तर बोर्डले यो ऐन वा यस ऐन अन्तर्गतका नियममा उल्लेख गरिएका आफ्नो कर्तव्य र अधिकारहरुमध्ये आफूले आवश्यक एवं उचित देखेका कर्तव्य र अधिकारहरु महाप्रबन्धक वा एक वा एकभन्दा बढी सञ्चालकहरुको उपसमिति वा समितिका अरु पदाधिकारीले पालन तथा प्रयोग गर्ने गरी सुम्पन सक्नेछ ।

*८. बोर्डको गठन र सञ्चालकहरुको कार्य अवधिः (१) सञ्चालकहरुको बोर्ड (यसपछि "बोर्ड" भनिएको) मा देहाय बमोजिमका पाँचजना सञ्चालकहरु रहनेछन्ः–

(क) समितिको महाप्रबन्धक ।

(ख) गैरसरकारी शेयर होल्डरहरु मध्येबाट साधारण सभाद्वारा निर्वाचित एकजना ।

(ग) सरकारी शेयर बापत नेपाल सरकारले मनोनयन गरेको एकजना ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।



कानून व्यवसायी तथा अधिवक्ता मन्त्रालय

(घ) पत्रकारिता, प्रकाशन वा साहित्य क्षेत्रमा ख्याति प्राप्त व्यक्तिमध्येबाट नेपाल सरकारले मनोनयन गरेको एकजना ।

(ङ) समितिमा काम गर्ने शेयर होल्डर कर्मचारीमध्येबाट निर्वाचित एकजना ।

(२) साधारण सभाद्वारा निर्वाचित हुने व्यवस्था नभएसम्म वा उपदफा (१) को खण्ड (ङ) अन्तर्गत शेयरवाला कर्मचारीमध्येबाट निर्वाचित हुने व्यवस्था नभएसम्म शेयर होल्डरबाट निर्वाचित हुने सञ्चालक पनि नेपाल सरकारबाट मनोनीत हुनेछ ।

⮙(३) बोर्डको अध्यक्ष नेपाल सरकारले तोक्नेछ र त्यसरी अध्यक्ष नतोकेकोमा बोर्डको अध्यक्षता समितिको महाप्रबन्धकले गर्नेछ ।

❒(३क) खण्ड (ख), (ग), (घ) र (ङ) अन्तर्गत निर्वाचित वा मनोनीत सञ्चालकहरुको कार्यावधि चार वर्षको हुनेछ र कार्यावधि सकिएपछि निजहरु पुनः निर्वाचित वा मनोनीत हुन सक्ने छन् ।

(४) उपदफा (३क) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ग) र (घ) अन्तर्गत मनोनीत सञ्चालकको कार्यावधि पूरा नहुँदै निजको सट्टा नेपाल सरकारले अरु कुनै व्यक्तिलाई मनोनयन गर्न सक्नेछ ।

(५) साधारण सभाबाट वा समितिका कर्मचारीहरुबाट सञ्चालकको निर्वाचन भई कार्यभार सम्हाले पछि तिनका हकमा नेपाल सरकारबाट मनोनीत सञ्चालकहरु स्वतः खारेज हुनेछ ।

(६) ✂................

---

⮙ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०२९ द्वारा २०२८।१२।२० बाटै लागू हुने गरी संशोधित ।

❒ दोस्रो संशोधनद्वारा थप ।

✂ दोस्रो संशोधनद्वारा झिकिएको ।

*९. सञ्चालकको निमित्त अयोग्यताः देहायको कुनै व्यक्ति सञ्चालक हुन वा रहन सक्ने छैनः–

(क) बहुला वा मानसिक सन्तुलन रहित व्यक्ति,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार प्रमाणित भै सो बापत छ महिना भन्दा बढी कैदको सजाय पाएको व्यक्ति र त्यस्तो कैदको सजाय भोगिसकेको मितिले ५ वर्ष भुक्तान नभएको,

(ग) ऋण तिर्न नसकी साहुको दामासाहीमा परेको व्यक्ति, वा

(घ) समितिसँग कुनै ठेक्कापट्टा वा करारमा कुनै प्रकारको निजी स्वार्थ भएको व्यक्ति ।

१०. सञ्चालकलाई हटाउन सकिने अवस्थाः देहायको अवस्थामा साधारण सभामा उपस्थित शेयर होल्डरहरुको दुई तिहाई मतले कुनै सञ्चालकलाई हटाउन सिफारिस गरेमा नेपाल सरकारले हटाउन सक्नेछः–

(क) दफा ९ मा उल्लेखित कुनै अयोग्यता भएमा, वा

(ख) बोर्डको अनुमति बिना बोर्डको बैठकमा लगातार ३ पटक भन्दा बढी अनुपस्थित भएमा र सो अनुपस्थितिको कारण साधारण सभाको दृष्टिकोणबाट बेमुनासिब देखिएमा, वा

(ग) दफा १६ उल्लङ्घन गरी समितिसँग भएको कुनै ठेक्का पट्टामा हिस्सेदार भएको प्रमाणित भएमा ।

११. सञ्चालकको राजीनामा र खाली हुने स्थानको पूर्तिः (१) कुनै सञ्चालकले बोर्ड छेउ लिखित सूचना दिई आफ्नो पदबाट राजीनामा दिन सक्नेछ । राजीनामा स्वीकृत भएपछि निजले पदत्याग गरेको मानिनेछ ।

(२) मृत्यु, राजीनामा वा अरु कुनै कारणबाट कुनै सञ्चालकको पद खाली हुन आएमा अवस्थानुसार अर्को मनोनयन वा निर्वाचनद्वारा सो

* पहिलो संशोधनद्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

खाली स्थानको पूर्ति गरिनेछ । त्यस्ता सञ्चालक आफ्नो साविकवालाको बाँकी अवधिसम्म मात्र सो स्थानमा बहाल रहनेछन् ।

(३) बोर्डको गठनमा कुनै त्रुटी भई वा कुनै सञ्चालकको स्थान खाली भै बोर्डमा कारबाही भएको भए पनि सोही कारणले मात्र त्यस्तो काम कारबाही बदर हुन सक्तैन ।

१२. सञ्चालकहरुको पारिश्रमिकः सञ्चालकहरुको पारिश्रमिक तोकिए बमोजिम हुनेछ ।

१३. बोर्डको बैठकः (१) तोकिएको समय र स्थानमा बोर्डको बैठक बस्नेछ र बोर्डको बैठकको कार्यविधि तोकिए बमोजिम हुनेछ । अध्यक्ष वा निजको अनुपस्थितिमा सो बैठकको निमित्त सञ्चालकहरुले आफूहरुमध्येबाट छानेका सञ्चालकले बोर्डको अध्यक्षता गर्नेछ ।

(२) बोर्डमा तत्काल कायम रहेका सञ्चालकहरुको कुनै सङ्ख्याको आधी भन्दा बढी सञ्चालकहरु बैठकमा उपस्थित भएमा समितिको गणपूरक सङ्ख्या पुगेको मान्नु पर्दछ र गणपूरक सङ्ख्या नपुगेमा सो बैठक स्थगित गरिनेछ ।

(३) बोर्डको बैठकमा उपस्थित भै मत दिने सञ्चालकहरुको बहुमतले सबै कुराको निर्णय हुनेछ । मत बराबर भएमा अध्यक्षले वा निजको अनुपस्थितिमा सो बैठकको अध्यक्षता गर्ने सञ्चालकले निर्णय गर्नेछन् ।

*१४. महाप्रबन्धक, सल्लाहकार र अन्य कर्मचारीको नियुक्तिः (१) समितिको कार्यहरुको कुशल सञ्चालनको निमित्त नेपाल सरकारले एकजना महाप्रबन्धक र आवश्यक भए जति सल्लाहकार तथा समितिले अरु कर्मचारीको नियुक्ति गर्न सक्नेछ । निजहरुको नियुक्ति सेवाको शर्त, कार्यविधि र पारिश्रमिक तोकिए बमोजिम हुनेछ ।

* पहिलो संशोधनद्वारा संशोधित ।

(२) प्रत्येक महिनामा पाउने पारिश्रमिकको तोकिए बमोजिमको अङ्कबाट अनिवार्य रुपले संस्थाको शेयर खरिद गर्नु पर्ने गरी नियुक्ति र सेवाका शर्त राख्न सकिनेछ ।

तर अस्थायी नियुक्ति भएको र करार सेवामा नियुक्ति गरिएका कर्मचारीलाई शेयर बिक्री गरिने छैन ।

⌘१५. सञ्चालकले बैठकमा भाग लिन नपाउनेः महाप्रबन्धक वा दफा ८ बमोजिम सञ्चालक भै रहेको कर्मचारीलाई कारबाही गर्ने सम्बन्धमा बसेको समितिको बैठकमा महाप्रबन्धक वा त्यस्तो कर्मचारीले सञ्चालकको हैसियतले त्यस्तो बैठकमा भाग लिन पाउने छैन ।

१६. समितिको सञ्चालक र महाप्रबन्धक उपर प्रतिबन्धः समितिको कुनै सञ्चालकले वा महाप्रबन्धकले समितिसँग हुने कुनै ठेक्का पट्टामा हिस्सेदार हुन सक्ने छैन ।

तर समितिले लिए दिएको वा लिने दिने प्रस्ताव गरेको कुनै ठेक्का पट्टामा वा समितिको कुनै सहायक अङ्गले लिई दिई वा लिने दिने प्रस्ताव गरी बोर्डको विचारार्थ पेश हुन आएको कुनै ठेक्का पट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट सरोकार भएको कुरा आफूलाई थाहा हुनासाथ प्रत्येक सञ्चालक वा महाप्रबन्धकले सो कुरा यथाशीघ्र बोर्डको सभामा पेश गर्नु पर्दछ । सो पेश भएको कुरा माइन्यूट किताबमा जनाइनेछ र सरोकारवाला सञ्चालकले सो ठेक्का पट्टा बारे बोर्डमा हुने कुनै विचार विमर्श वा निर्णयमा भाग लिन पाउने छैन ।

## परिच्छेद – ३

## समितिको काम कर्तव्य

⌘ दोस्रो संशोधनद्वारा संशोधित ।



कानून तथा न्याय मन्त्रालय

१७. समितिको काम कर्तव्यः (१) यस ऐनको अधीनमा रही राष्ट्रिय दृष्टिकोणलाई ध्यानमा राखी निष्पक्ष तथा ⮝आधिकारिक, शुद्ध, पक्षपातरहित, विश्वसनीय एवं वास्तविक समाचारको सङ्कलन तथा वितरण गर्नु समितिको कर्तव्य हुनेछ । यस उपदफा बमोजिम काम कर्तव्य गर्दा समितिलेः–

(क) नेपालसँगको अन्य राष्ट्रको मित्रतामा एवं विश्व शान्तिमा खलल पर्ने वा शङ्का उपशङ्का उब्जने समाचार वितरण गर्नु हुँदैन ।

(ख) ☒............... कसै माथि बिना प्रमाणको आरोप लगाउने तथा समाजमा भ्रम उठाउने अनावश्यक समाचार वितरण गर्नु हुँदैन ।

(२) उपदफा (१) मा उल्लेखित कर्तव्यको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी समितिले देहायका कुराहरु गर्न सक्नेछः–

❍(क) देशको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रियतालाई सम्वर्द्धन गर्ने तथा जनताको हित हुने किसिमका समाचारहरुको सङ्कलन एवं वितरण गर्ने ।

(ख) ☒............... प्रचलित कानून र नीति अन्तर्गत रही देश र समाजको स्तर उच्च पार्ने, समाजको उत्थान हुने खालका समाचार सङ्कलन तथा वितरण गर्ने ।

(ग) नागरिक, नैतिक र चारित्रिक भावनालाई आघात नपारी राष्ट्रिय महत्व भएका समाचार सङ्कलन र वितरण गर्ने ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

⮝ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०२९ द्वारा २०२८।१२।२० बाटै लागू हुने गरी संशोधित ।

☒ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४७ द्वारा झिकिएको ।

❍ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४७ द्वारा संशोधित ।

(घ) समितिभित्र वा बाहिरका व्यक्तिलाई समितिको काम कुरामा शिक्षा एवं तालीमको व्यवस्था गर्ने ।

(ङ) समाचारको विभिन्न संस्करण, वितरण दस्तुर, अन्य दस्तुर आदि निर्धारण गर्ने र असुल गर्ने ।

(च) समाचार वितरण गर्दा ✱नेपाल 2......... को आधारभूत राष्ट्रिय एकतालाई ध्यानमा राखी समाचारको स्तरमा सुधार ल्याउन आवश्यक कदम उठाउने ।

(छ) आफूले गर्न पाउने काम गर्नको लागि चल अचल सम्पत्ति प्राप्त गर्ने ।

(ज) समितिको सम्पत्ति धितो बन्धक राखी अरुसँग सापटी लिने ।

(झ) समितिको सम्पत्ति भाडामा दिने, बिक्री गर्ने वा अरु प्रकारको बन्दोबस्त गर्ने ।

(ञ) धरौटीको ब्याज दिने र समितिको शेयर लाभांश बाँड्ने ।

(ट) आफ्नो अधिकारको ⅄प्रयोग गर्न र कर्तव्यको पालन गर्नमा मद्दत हुने सबै किसिमको करारनामा गर्ने र कार्यान्वयन गर्ने ।

(ठ) समाचारको सङ्ग्रह तथा बिक्री वितरणको लागि ✱ नेपाल 2......... भर र विदेश समेत ठाउँ ठाउँमा शाखा कार्यालय खोल्ने, समाचारदाता र सम्पादक नियुक्त गर्ने वा ग्राहक बनाउने ।

---

✱ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०२९ द्वारा २०२८।१२।२० बाटै लागू हुने गरी थप ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

⅄ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०२९ द्वारा २०२८।१२।२० बाटै लागू हुने गरी संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ड) आफ्नो पदाधिकारी र कर्मचारीलाई ^निवृत्तभरण वा उपदानको व्यवस्था गर्ने तथा समितिको आर्थिक हित हुने गरी खाता खोल्ने ।

(ढ) आफ्नो रकमलाई नेपाल सरकारले तोकेको धितोमा लगाउने र मुनाफा आर्जन गर्ने ।

(ण) यो ऐन अन्तर्गतको आफ्नो कर्तव्यहरुको पालन, अधिकारहरुको प्रयोग र यो ऐनको उद्देश्यलाई कार्यान्वित गर्न आवश्यक र त्यसको सिलसिलामा चाहिने अरु सबै काम कुराहरु गर्ने ।

१८. नेपाल सरकारको पूर्व स्वीकृति प्राप्त गर्नु पर्ने: समितिले नेपाल सरकारको पूर्व स्वीकृति नलिई देहायको काम कुरा गर्न हुँदैनः–

(क) □एक करोड रुपैयाँ भन्दा बढी पर्ने कुनै अचल सम्पत्ति वा अरु कुनै वस्तु खरिद गर्न वा प्राप्त गर्नको निमित्त पूँजी खर्च गर्न, वा

(ख) ✂दश वर्ष भन्दा बढी समयको लागि कुनै अचल सम्पत्ति धितो लिन दिन, वा

(ग) ✂पाँच लाख रुपैयाँ भन्दा बढी मोल पर्ने कुनै सम्पत्ति वा अधिकार वा सुविधा बेचबिखन गर्न वा नामसारी गर्न ।

१९. आर्थिक लगत र कार्यक्रम पेश गर्ने: (१) बोर्डले आफ्नो आर्थिक वर्ष शुरु हुनुभन्दा कमसेकम तीन महिना अगावै समिति र त्यसका सहायक अङ्गद्वारा आगामी आर्थिक वर्षमा गरिने कार्य सञ्चालन सम्बन्धी कार्यक्रम, विकास कार्य, अरु काम कुराहरुको विवरण, पूँजी लगानी र कर्मचारीहरुको थप मद्दत चाहिने भए त्यसको विवरण सहित प्रस्तावित आर्थिक लगत साधारण सभामा पेश गर्नु पर्दछ ।

---

□ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५ द्वारा संशोधित ।

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

(२) कुनै आर्थिक वर्षमा उपदफा (१) अन्तर्गत पहिले नै पेश भइसकेको कार्यक्रममा उल्लिखित कुराहरुको अतिरिक्त अरु कुनै विशेष कार्य गर्न बोर्डले चाहेमा र त्यसले गर्दा प्रस्तावित आर्थिक लगतमा ठोस अदल बदल ल्याउन सम्भावना भएमा यस्तो काम कुराको पूरक कार्यक्रम र त्यस सम्बन्धमा उक्त आर्थिक सालको बाँकी रहन आएको रकममा बेहोर्ने खर्च र प्राप्त गर्ने रकमको पूरक लगत साधारण सभामा स्वीकृति निमित्त पेश गर्नेछ ।

(३) साधारण सभाको व्यवस्था नभएसम्म बोर्डले उपदफा (१) र (२) बमोजिमको लगत नेपाल सरकारमा पेश गर्नु पर्नेछ ।

परिच्छेद – ४

साधारण सभा

२०. साधारण सभाः (१) समितिले सर्वसाधारणमा बिक्री गर्न निष्काशित गरेको शेयर पूँजीको घटीमा १० प्रतिशत मूल्यको शेयर सर्वसाधारण जनतामा बिक्री भैसकेपछि प्रत्येक वर्ष समितिको वार्षिक हिसाब बन्द हुने ४५ दिनभित्र समितिको प्रधान कार्यालयमा एक साधारण सभा (यसपछि वार्षिक साधारण सभा भनिएको) गरिनेछ । समितिले सर्वसाधारणमा बिक्री गर्न निष्काशित गरेको शेयर पूँजीको कमसेकम दश खण्डको एक खण्ड मूल्यको शेयर लिने वा कम्तीमा पचास जवान शेयर होल्डरहरुले आफ्नो हस्ताक्षरमा लिखित निवेदन गरेमा वा समितिले आवश्यक ठहराएमा अरु कुनै समयमा पनि समितिको विशेष साधारण सभा गरिनेछ ।

(२) समितिले सर्वसाधारणमा बिक्री निमित्त निकालेको जम्मै शेयर मध्ये कमसेकम एक चौथाई मूल्यको शेयर लिएका शेयर होल्डरहरु आफै वा तिनका प्रतिनिधि उपस्थित भएमा साधारण सभाको गणपूरक सङ्ख्या पूरा भएको मानिनेछ ।

(३) वार्षिक साधारण सभामा उपस्थित शेयर होल्डरहरुले समितिको वार्षिक हिसाब तथा लाभ हानिको खाता, त्यस उपर अडिटरको प्रतिवेदन र समितिको वर्षभरिको काम सम्बन्धी बोर्डको प्रतिवेदन उपर

कानून किताब व्यवस्था समिति

छलफल गर्नेछ । वार्षिक साधारण सभाको व्यवस्था हुन नसकेसम्म ती कुराहरु नेपाल सरकारमा पेश गरिनेछ ।

⮝(४) समितिको कुल पूँजीको प्रत्येक एक प्रतिशत शेयरको एक मतको हिसाबले जे जति प्रतिशत शेयर खरिद गरिएको छ र सो बराबर सङ्ख्यामा शेयर होल्डरले मत दिन पाउनेछ ।

तर,

(क) समितिको कुल पूँजीको एक प्रतिशत भन्दा कम शेयर खरिद गरेकोमा भने मत दिन पाउने छैन ।

(ख) शेयर प्रतिशत एक एकाइ भन्दा बढी भएमा माथिल्लो एकाइ नपुगेसम्म तल्लो एकाइ बराबरको मत मात्र दिन पाउनेछ ।

✱(४क) शेयर होल्डरले वार्षिक साधारण सभाको बैठकमा आफै उपस्थित नभई वा प्रतिनिधि नपठाई मत दिन पाउने छैन ।

(५) सभाको निर्णय उपस्थित शेयर होल्डरहरु र प्रतिनिधिहरुको साधारण बहुमतको आधारमा गरिनेछ ।

२१. <u>निर्देशहरु दिने नेपाल सरकारको अधिकारः</u> नेपाल सरकारले राष्ट्रिय हितको निमित्त उचित ठहराएमा समितिलाई देहायका कुराहरुको निर्देशहरु दिन सक्नेछ र त्यस्तो निर्देश पालन गर्नु समितिको कर्तव्य हुनेछः–

(क) कुनै खास क्षेत्रमा आफ्नो सेवाको सञ्चालन गर्न वा अरु काम कारबाही गर्न, वा

कानून तथा संसदीय मामिला मन्त्रालय

---

⮝ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०२९ द्वारा २०२८।१२।२० बाटै लागू हुने गरी संशोधित ।

✱ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०२९ द्वारा २०२८।१२।२० बाटै लागू हुने गरी थप ।

(ख) समितिले गरिराखेको कुनै काम कुनै खास क्षेत्रमा वा सम्पूर्ण रुपमा बन्द गर्न वा त्यसमा कुनै फेर बदल गर्न, वा

(ग) समितिले गर्न आँटेको कुनै काम कुरा नगर्न ।

२२. समितिको काम कार्यको जाँचबुझ गर्ने गराउने नेपाल सरकारको अधिकारः नेपाल सरकारले आवश्यक देखेमा समितिको कार्य र हिसाबको जाँचबुझ कुनै व्यक्तिद्वारा पनि गराउन सक्नेछ ।

२३. बोर्ड विघटन गर्ने नेपाल सरकारको अधिकारः (१) बोर्डको काम सुचारु रुपले चलेको छैन वा बोर्डले समितिको उद्देश्यको बर्खिलाप काम गरेको छ वा यस ऐन बमोजिम नेपाल सरकारले दिएका निर्देशहरु बराबर उल्लङ्घन गरेको छ भन्ने नेपाल सरकारलाई लागेमा सो बोर्डलाई विघटन गर्ने गरी आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बोर्ड बिघटन भएपछि दफा ८ बमोजिम अर्को बोर्ड गठन हुनेछ ।

(३) उपदफा (१) बमोजिम बोर्ड विघटन भएपछि उपदफा (२) बमोजिम अर्को बोर्ड गठन नहुञ्जेलसम्म बोर्डले गर्नु पर्ने कारबाही गर्न नेपाल सरकारले एक वा एक भन्दा बढी व्यक्तिलाई पनि लगाउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम निकालिएको आदेश अन्तिम हुनेछ ।

## परिच्छेद –५

## कोष,हिसाब र लेखापरीक्षण

२४. समितिको कोषः (१) समितिको आफ्नो एउटा छुट्टै कोष रहनेछ र ऋण र अनुदान लगायत समितिले प्राप्त गर्ने सबै रकम सोही कोषमा जम्मा गरिनेछ र समितिको तर्फबाट खर्च गर्नु पर्ने पनि सोही कोषबाट बेहोरिनेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) कोषको सबै रकम नेपाल राष्ट्र बैङ्क वा नेपाल सरकारले अनुमति दिएका अरु बैङ्कमा जम्मा गरिनेछ ।

(३) यस ऐन र यस ऐन अन्तर्गत बनेका नियमबाट अधिकृत कार्यहरुको निमित्त उचित ठहरिएको रकम खर्च गर्ने बोर्डलाई अधिकार हुनेछ ।

२५. दायित्व सम्हाल्नेः यो ऐन लागू हुनु भन्दा अघि यस ऐनमा उल्लेख भएको काम कुरामा नेपाल सरकारले गरेको वा नेपाल सरकारसँग भएको दायित्वहरु र ठेक्का पट्टाहरुमा यो ऐन लागू भएपछि समिति वा निजसँग वा निजको निमित्त भए गरेको मानिनेछ ।

२६. हिसाब राख्ने तरिकाः समितिको आम्दानी खर्चको हर हिसाब नेपाल सरकारबाट स्वीकृत ढाँचा र तरिका अनुसार राखिनेछ ।

२७. लेखापरीक्षणः (१) समितिको लेखापरीक्षण नेपाल सरकारबाट खटाएको एकजना र शेयर होल्डरहरुले छानेको एकजना गरी जम्मा दुईजना अडिटरहरुले गर्नेछन् । शेयर होल्डरहरुद्वारा छानिने अडिटर वार्षिक साधारण सभामा छानिने छन् र सोही सभामा अडिटरहरुको मेहनताना पनि तोकिनेछ ।

(२) शेयर होल्डरहरुले छानेको अडिटर कुनै कारणवश खाली भएमा वा साधारण सभाको व्यवस्था नभएसम्मको लागि नेपाल सरकारबाट खटिएको एकजना अडिटरले मात्र लेखापरीक्षण गर्नेछ ।

(३) समितिको वार्षिक हिसाब तथा लाभ हानिको खाता र तत्सम्बन्धी भरपाइको लेखापरीक्षण गर्ने कर्तव्य अडिटरहरुको हुनेछ । अडिटरलाई समितिमा रहेको सबै हिसाब खाताहरुको लगत दिइनेछ । निजहरुले जुनसुकै मनासिब समयमा समितिको जुनसुकै स्थान वा जुनसुकै पदाधिकारी र कर्मचारीसँग रहेको जुनसुकै हिसाब किताब र कागजातहरु हेर्न जाँच्न सक्तछन् ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) अडिटरहरुले वार्षिक हिसाब तथा लाभ हानिको खाता बारेको आफ्नो प्रतिवेदनको एउटा प्रतिलिपि नेपाल सरकारमा र अर्को प्रतिलिपि समितिको साधारण सभाको व्यवस्था भएपछि सो सभामा पेश गर्नेछन् । सो प्रतिवेदनमा देहायका कुराहरु स्पष्ट रुपले उल्लेख हुनु पर्दछः–

(क) समितिको वास्तविक आर्थिक स्थिति देखिने गरी सबै आवश्यक कुराहरु स्पष्ट खुलाई ठीकसँग वार्षिक हिसाब तथा लाभ हानिको खाता तयार गरिएको छ छैन,

(ख) अडिटरले मागेको कुनै स्पष्टीकरण वा सूचना समितिले दिएको छ छैन र दिएको भए सो स्पष्टीकरण वा सूचना सन्तोषजनक छ छैन, र

(ग) पेश भएको वार्षिक हिसाब तथा लाभ हानिको खाता रीतपूर्वकको छ छैन ।

(५) समितिको उचित प्रबन्धको लागि उपयुक्त लागेको प्रस्तावहरु अडिटरहरुले पेश गर्न सक्नेछन् । त्यसरी पेश गरिएको प्रस्तावहरु बोर्डले साधारण सभाको कार्यसूचीमा समावेश गर्नेछन् ।

(६) शेयर होल्डरहरु र साहूहरुको उचित संरक्षणको लागि समितिले उठाई राखेको कदमहरु यथेष्ट भए नभएको र समितिको हिसाब राख्ने तरिका ठीक भए नभएको कुरा खोली आफू छेउ प्रतिवेदन पेश गर्न नेपाल सरकारले जुनसुकै समय पनि अडिटरहरुलाई निर्देशन गर्न सक्नेछ ।

(७) उपदफा (४) वा (६) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा आवश्यक सुधार वा व्यवस्थाको लागि नेपाल सरकारले समितिलाई निर्देश गर्न सक्नेछ ।

## परिच्छेद – ६

## विविध

२८. गोप्य राख्ने र विश्वासघात नगर्ने कुराको शपथ ग्रहण गर्नु पर्नेः आफ्नो पद सम्हाल्नु भन्दा अघि नै समितिको प्रत्येक सञ्चालक, महाप्रबन्धक, अडिटर,

पदाधिकारी र अरु कर्मचारीले अनुसूचीमा लेखिए अनुसार आफ्नो ओहदा सम्बन्धी काम कुराहरु अधिकृत व्यक्ति बाहेक अरु व्यक्तिलाई प्रकाश गर्ने छैन र समितिको काममा विश्वासघात गर्ने छैन भनी शपथ ग्रहण गर्नु पर्दछ ।

■२९. ......................

*३०. दण्ड सजायः (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम राख्न, बनाउन वा पेश गर्नु पर्ने विवरण, हिसाब किताब प्रतिवेदन वा अन्य कुनै कागजातमा जानी जानी वा बद्नियतसाथ झुट्टो तथ्य देखाउने वा साँचो कुरा दबाई व्यहोरा फरक पार्ने वा सो कुराको उद्योग गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(२) सञ्चालक वा समितिको कुनै कर्मचारीले जानी जानी वा लापरबाही गरी वा बद्नियतसाथ उपदफा (१) मा लेखिए बाहेक अन्य कुनै कुरा गरी समितिलाई हानि नोक्सानी पुऱ्याएमा निजलाई एक वर्षसम्म कैद वा एक हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(३) सञ्चालक वा समितिको कुनै कर्मचारीले दफा २२ अन्तर्गत जाँचबुझ गर्न नियुक्त भएको व्यक्तिलाई निजको कामकाजमा बाधा पुऱ्याएमा वा त्यस्तो व्यक्तिले कानून बमोजिम मागेको कागजपत्र वा सूचना कुनै मुनासिब कारण बिना नदिएमा वा दिनमा लापरबाही गरेमा निजलाई एक हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(४) कसैले समितिको लिखित स्वीकृति नलिई कुनै विवरणपत्र वा विज्ञापनमा समितिको नाम प्रयोग गरेमा निजलाई ६ महिनासम्म कैद वा एक हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

---

■ पहिलो संशोधनद्वारा खारेज ।

* पहिलो संशोधनद्वारा संशोधित ।

(५) तत्काल सञ्चालक वा महाप्रबन्धक भएको कुनै व्यक्तिले दफा १६ उल्लङ्घन गरी समितिसित हुने लिखित ठेक्कामा हिस्सेदार भई सो दफा बमोजिम जाहेर गर्नु पर्ने नगरी सो हैसियतबाट कुनै फाइदा उठाएको वा उठाउन उद्योग गरेमा निजलाई दुई वर्षसम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(६) यस दफा बमोजिम सजाय हुने अपराधबाट समितिलाई कुनै हानि नोक्सानी भएको रहेछ भने त्यस्तो हानि नोक्सानीको बिगो समेत ⮙सो अपराध गर्ने व्यक्तिबाट असुल उपर गरिने छ ।

🕮३०क. नेपाल सरकारसँगको सम्पर्कः समितिले आफ्नो काम कारबाहीको सिलसिलामा नेपाल सरकारसँग सम्पर्क राख्दा वा दफा २१ बमोजिम नेपाल सरकारले समितिलाई कुनै निर्देशन दिंदा ॥सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत सम्पर्क राख्नु वा निर्देशन दिनु पर्दछ ।

❒३०ख. स्थानीय कर नलाग्नेः समितिको कारोबारमा कुनै किसिमको स्थानीय कर लाग्ने छैन ।

✖३१. ................

▶३२. समाचार सङ्कलन र बिक्री वितरण गर्ने सम्बन्धमा विशेष व्यवस्थाः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अन्य राष्ट्रिय र अन्तर्राष्ट्रिय समाचार समितिहरुले नेपाल सरकारको स्वीकृति लिई नेपाल 2......... भित्र बसी समाचार सङ्कलन गर्न र विदेशमा पठाउन सक्नेछन् ।

---

⮙ सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०२९ द्वारा २०२८।१२।२० बाटै लागू हुने गरी संशोधित ।

🕮 पहिलो संशोधनद्वारा थप ।

॥ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

❒ दोस्रो संशोधनद्वारा थप ।

✖ न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ द्वारा खारेज ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

➔(२) उपदफा (१) बमोजिमका समाचार समितिहरुले प्रचलित कानून बमोजिम स्थापित समाचार समितिहरु वा नेपाल सरकार मार्फत मात्र नेपाल 2……… भित्र आफ्नो समाचार बिक्री वितरण गर्न पाउने छन् ।

📖३२क. हानि नोक्सानी बारे अधिकारीहरुको बचाउः सञ्चालक वा समितिका कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्य पालन गर्नको निमित्त असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराबाट भएको कुनै हानि नोक्सानीको निमित्त निज व्यक्तिगत तवरले जवाफदेही हुने छैन ।

३३. नियमहरु बनाउने नेपाल सरकारको अधिकारः यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ र यी नियमहरु नेपाल राजपत्रमा प्रकाशित भएपछि लागू हुने छन् ।

▶३३क. विनियम बनाउने समितिको अधिकारः समितिको काम कुराहरुको उचित सम्पादनको निमित्त यो ऐन वा यस अन्तर्गत बनेका नियमहरुमा बाधा विरोध नपारी समितिले विनियम बनाउन सक्नेछ र त्यस्तो विनियम ‖सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

✪३४. बाझिएमा गर्नेः (१) प्रचलित नेपाल कानूनमा जेसुकै लेखिएको भए तापनि यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा लेखिएको कुराहरुमा सोही बमोजिम हुनेछ ।

---

➔ सञ्चार सम्बन्धी केही नेपाल कानून संशोधन गर्ने अध्यादेश, २०६२ द्वारा संशोधन भई केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ द्वारा स्वतः जागेको ।

📖 पहिलो संशोधनद्वारा थप ।

▶ नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालु राख्ने ऐन, २०१९ द्वारा दफा शीर्षक संशोधित ।

‖ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

✪ नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ द्वारा दफा शीर्षक संशोधित ।

(२) ∅................

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

∅ नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ द्वारा झिकिएको ।

दृष्टव्यः (१) राष्ट्रिय सम्वाद समिति (पहिलो संशोधन) ऐन, २०२८ द्वारा रुपान्तर भएका शब्दहरुः-

(क) "जनरल मैनेजर" को सट्टा "महाप्रबन्धक" ।

(ख) "राष्ट्रिय सम्वाद समिति" को सट्टा "राष्ट्रिय समाचार समिति" ।

(ग) "सम्वाद" को सट्टा "समाचार" ।

(घ) "सम्वाददाता" को सट्टा "समाचारदाता" ।

(२) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः-

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(संवत् २०७९ साल मङ्सिर मसान्तसम्म भएका संशोधन मिलाइएको)

## अनुसूची

(दफा २८ सँग सम्बन्धित)

<u>इमान्दारी र गोपनीयताको शपथ ग्रहण</u>

म.............................. प्रतिज्ञा गर्दछु कि समितिको सञ्चालक, महाप्रबन्धक, कर्मचारी, अडिटरको हैसियतबाट वा समितिमा आफ्नो पद सम्बन्धी सबै काम कुरामा आफ्नो योग्यता औ क्षमताले भेटेसम्म परी आएको कर्तव्यको पालन इमान्दारीपूर्वक र सत्य निष्ठाले गर्नेछु ।

म पुनः प्रतिज्ञा गर्दछु कि कुनै अनधिकृत व्यक्तिलाई समिति सम्बन्धी कुनै सूचना प्रकाश गर्न वा गर्न लगाउन वा कसैलाई समिति अधीनमा रहेको र समिति सम्बन्धी कुनै किताब वा कागजपत्र कुनै त्यस्तो व्यक्तिलाई निरीक्षण वा ग्रहण गर्न दिने छैन ।

*(मिति २०७९।९।२० गते अद्यावधिक गरेको)*

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय